# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, मध्य वानेश्वर काठमाण्डौं । फोन नं. ०१-४४९०५१३

## कर्मचारी आवश्यकता

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०६/०२)

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको यस छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको लागी विभिन्न पदमा कर्मचारी भर्नाको लागी मिति २०७६/११/३० गते प्रथम पटकको सूचना प्रकाशित गरि दरखास्त आव्हान गरिएकोमा वि.नं. ०१/०७६/७७, वि.नं.०२/०७६/७७, वि.नं. वि.नं.०४/०७६/७७, वि.नं.०५/०७६/७७, वि.नं. ०६/०७६/७७ लाई रद्द गरिएकोले आफुले दरखास्त फारम बुझाएको कार्यालयबाट परीक्षा दस्तुर बापत बुझाएको रकम फिर्ता लिनु हुन सम्वन्धित आवेदकहरुलाई जानकारी गराईन्छ । साथै हाल यस वित्तीय संस्थाको लागी देहाय बमोजिमको पदमा कर्मचारी भर्ना गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट मिति २०७७।०६।१९ गते भित्र यस वित्तीय संस्थाको तल उल्लेखित ठेगानामा आइपुग्ने गरि दरखास्त आव्हान गरिएको छ । दरखास्त फारमका साथ दरखास्तवालाको वायोडाटा, पासपोर्ट साइजको ३ प्रति फोटो, शैक्षिक योग्यता, नागरिकता, तालिम तथा अनुभवहरुको प्रमाणपत्रको प्रतिलिपीका साथ सम्पर्क फोन नं. उल्लेख गरि पेश गर्नुपर्नेछ । प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई मात्र लिखित तथा अन्तर्वार्ता परीक्षामा समावेश गरिने छ । संस्थाको हितलाई ध्यानमा राखि प्राप्त दरखास्तहरु कारण खोलि वा नखोलि अस्वीकृत गर्ने वा विज्ञापन रद्द गर्ने सम्मको अधिकार यस वित्तीय संस्थामा सुरक्षित रहनेछ ।

**तपशिल:**

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | आवश्यक न्युनतम योग्यता | अन्य |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७७/७८ | **अधिकृत** | अधिकृत आठौ तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इन्जिनियरिङ्ग मा स्नातक तह उतिर्ण गरि बैंक तथा वित्तीय संस्थामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको । | बैंक तथा वित्तीय संस्थामा Core Banking System, Networking, Database Administration, Linux and Windows Server Administration सम्बन्धि कार्य अनुभव भएकालाई बिशेष ग्राहयता दिइनेछ । |
| २ | ०२/०७७/७८ | **अधिकृत** | अधिकृत आठौ तह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टड एकाउण्टेन्टस् (CA, ACCA) उतिर्ण गरेको । | बैंक तथा वित्तीय संस्था वा कुनै संगठित संस्थामा कार्य गरेको अनुभव भएकालाई बिशेष ग्राहयता दिइनेछ । |
| ३ | ०३/०७७/७८ | **सहायक अधिकृत** | अधिकृत सातौं तह | केही | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टड एकाउण्टेन्टस् (CA, ACCA) उतिर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट ब्यवस्थापन संकायमा कम्तिमा द्धितीय श्रेणीमा (जि.पि.ए. कम्तिमा १.८ ल्याई) स्नातक तह उतिर्ण गरी चार्टड एकाउण्टेन्सी कोर्सको CAP-II / IPCC Level (Semi Qualified CA) उतिर्ण गरेको । | बैंक तथा वित्तीय संस्था वा कुनै संगठित संस्थामा कार्य गरेको अनुभव भएकालाई बिशेष ग्राहयता दिइनेछ । |

**(क) उमेर**: २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । महिला उम्मेदवारको हकमा अधिकतम उमेरमा ५ वर्ष थप हुनेछ । **(ख) छनौट प्रकृया**: लिखित र अन्तर्वार्ता । **(ग) दरखास्त फाराम पाउने तथा बुझाउने स्थान**: # आवेदन फारम संस्थाको केन्द्रीय कार्यालय मध्य वानेश्वर काठमाण्डौंबाट वा यस वित्तीय संस्थाको वेभसाइट www.chhimekbank.org बाट download गरी प्राप्त गर्न सकिनेछ । # आवेदन फारम वित्तीय संस्थाको केन्द्रीय कार्यालय मध्य वानेश्वर काठमाण्डौंमा बुझाउनु पर्नेछ । साथै परीक्षा दस्तुर बापतको रकम बैंक जम्मा गरेको भौचर, आवेदन फारम लगायत अन्य आवश्यक सम्पूर्ण कागजातको स्क्यान कपि तोकिएको समय भित्र यस वित्तीय संस्थाको ईमेल ठेगाना vacancy@chhimekbank .org मा प्राप्त हुने गरी पनि पठाउन सकिने छ । **(घ) सेवा सुविधा** : वित्तीय संस्थाको नियमानुसार । **(ङ) दरखास्त दिन पाउने अन्तिम मिति**: २०७७/०६/१९ गते कार्यालय समय भित्र । **(च) परीक्षा दस्तुर**: रु.५००।- (अक्षरेपी पाँच सय रुपैयाँ मात्र ।) **(छ) परीक्षा दस्तुर जम्मा गर्ने बैंक तथा खाता नं.**: # खातावालाको नाम : **छिमेक लघुवित्त वित्तीय संस्था लि.** # खाता नं. : **०७८००७६५७६७०००३१** # खाता रहेको बैंक : **प्रभु बैंक लि.** , नयाँ बानेश्वर शाखा **(ज) लिखित तथा अन्तर्वार्ता परीक्षाको मिति, समय र स्थान**: वित्तीय संस्थाको वेभसाइट www.chhimekbank.org बाट जानकारी दिईनेछ । **(झ) नियुक्ति प्रकृया**: लिखित तथा अन्तर्वार्ता परीक्षामा उतिर्ण भएका उम्मेदवारहरुलाई वित्तीय संस्थाको नियमानुसार १ वर्ष अवधिको लागी परिक्षण कालको नियुक्ति दिईनेछ । काम सन्तोषजनक भएमा त्यस पश्चात स्थायी नियुक्ती दिईनेछ । **(ञ) अन्य**: विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ । प्रारम्भिक छनौटमा परेका आवेदकहरुको जानकारी वित्तीय संस्थाको वेभसाइट www.chhimekbank.org बाट लिन सकिनेछ । रितपुर्वक प्राप्त नभएका आवेदनहरु स्वतः रद्द हुनेछन् ।